प्रस्तावहरुः

१. घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र कार्यविधि सन्सोधन बारे ।
२. खेलाडिको रकम व्यवस्थापन सम्बन्धमा ।
३. खानेपानी तथा सरसफाइ कार्यविधि बारे ।
४. डम्पिङ्ग साइटको लागि योजना तयार गर्ने वारे ।
५. बालमैत्रि घोषणा बारे ।
६. वाश शाखाको बजेट रकमान्तर सम्बन्धमा ।
७. विविध

निर्णयहरुः

प्रस्ताव नं. १माथि छलफल गर्दा यस नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र कार्यविधि संसोधनको लागि विधान समितिले निर्णय गरे वमोजिमको संसोधन गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा क्रिकेटखेलकुद कार्यको लागि रु.१,५१,०००।-रकमउपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा तपशिलका खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि पारित गर्ने निर्णय गरियोः

तपसिलः

क. स्थानीय तहका लागि खानेपानी, सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणाली (Wash MIS)मार्गदर्शन सम्बन्धी कार्यविधि ।

ख. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका २०८१

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा. अन्तर्गत रहेका डम्पिङ्ग साइटको लागि डि.पि.आर. तयार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा नं. १ र ३ अगाडी नै बालमैत्री वडा घोषणा भइसकेको हुनाले सो बाहेकको सम्पूर्ण वडाहरुलाई बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा. अन्तर्गत रहेका वाश शाखाको तपिलमा उल्लेखित बजेटहरु रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | घटाउने | बजेट | बजेट कोड | बढाउने | बजेट |
|---|---|---|---|---|---|
| १ | वडा नं. ४ कदमहा चोकमा सौचालय निर्माण गर्ने कार्य | ४००००० | | वडा नं. ५ को दलित वस्तिमा समर्सियल पम्प जडान | २,१०,००० |
| | | | | मसिलाल विद्यालयमा समर्सियल बोर्डिङ्ग जडान वडा नं. ५ | १,२०,००० |
| | | | | वाश शाखा संचालनको लागि | ६०,००० |

प्रस्ताव नं. ७ (क) माथि छलफल गर्दा सुरुङ्गा नगरपालिका वडा नं. २ मा रहेको प्रेमनगर टोल जाने जुडीखोलामा कल्भर्ट निर्माण योजनालाई बहुबर्षिय योजनाको रुपमा स्वीकृत गरी आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (ख) माथि छलफल गर्दा मिति २०८१ चैत्र ४ देखी ११ गते सम्म सुरुङ्गा न.पा. वडा नं. २ हर्दियामा हुने तेस्रो सुरुङ्गा गोल्ड कप कार्यक्रमको लागि रु.१,००,०००।- उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ (ग) माथि छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण(लै.स.सा.स.) मूलप्रवाहीकरण सम्बन्धी रणनीतिक योजना २०८० पारित गर्ने निर्णय गरियो ।